*कविताः*

## जून जलेको रात

*-घनश्याम खड्का*

भर्खरै सल्केको छ आगो
र प्राप्त भएको छ आकाश जल्ने संकेत
साँच्चै श्रीज्यू कस्तो होला हँ त्यो आकाश जलेको रात ?
मेरो अनुमान छ -
आकाशसँगै जल्ला त्यो जून
र जूनसँगै त लल्लान् नि हाम्रा सपनाहरु पनि
एउटा विस्मात टाँसिएको छ श्रीज्यू आँखामा
बचाउन सकिँदैन क्यारे हाम्रो आकाश
र बाँच्दैनन् क्यारे हाम्रा सपनाहरु पनि
कस्तो होला डढेलो लागेपछिको आकाश
र कस्तो होला सपना हराएपछिको मेरो चेत
सम्भव छ-
आकाशसँगै जूनझैं घाम पनि डढोस
र सम्भव छ जूनसँगै सपनाझैं हामी पनि डढौं
यी विभत्स कल्पनाका काला बिम्बहरु
यी दुर्दान्त समयका विकट कुइनेटाहरु
किन अठ्याउँछन् श्रीज्यू सँधैसँधै
मेरा कलेजोका कोमल भित्ताहरु
यी त्रासद भोगाइका क्रुर अनुभूतिहरु ?
ओह ! कत्रो भयानक सत्य !
आकाश, जून र सपनापछि जल्ने स्वयं हामी हुनेछौं !
र बन्नेछौं श्रीज्यू दुखद् अवसानको करुण गाथा
कुनै पुरानो गीतको बिर्सिएको धूनजस्तो
अथवा रेट्दारेट्दै चुँडिएको सारङ्गिको तारजस्तो
हराउनेछौं हामी इतिहासका पानाहरुबाट
र मेटिनेछन् हाम्रा पाइतालाका डोबहरु
यी सब हुनुअघि
र हामी आफैं खरानी बन्नुअघि
टेकेर बाँकी सपनाका हाँगाहरु
निभाउनु परेको छ आगो
र बचाउनु परेको छ आकाश